बैठक संख्या : ९६

आज मिति : २०७५ साल बैशाख ३ गते बुधबार यस मिक्लाजुङ गाउँपालिकाका अध्यक्ष श्री देवी प्रसाद आचार्यज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितीमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिती :

अध्यक्ष श्री देवीप्रसाद आचार्य

उपाध्यक्ष श्री सरला राई

वडा अध्यक्ष (वडा नं. १) श्री नरबहादुर राई

वडा अध्यक्ष (वडा नं. २) श्री गौरीप्रसाद राई

वडा अध्यक्ष (वडा नं. ३) श्री खगेन्द्र मादेन लिम्बु

वडा अध्यक्ष (वडा नं. ४) श्री बुद्धिमान लिम्बु

वडा अध्यक्ष (वडा नं. ५) श्री रुद्र लिङ्देन

वडा अध्यक्ष (वडा नं. ६) श्री बुद्धिलाल निरौला

वडा अध्यक्ष (वडा नं. ७) श्री सुशिलराज चौहान

वडा अध्यक्ष (वडा नं. ८) श्री नगिन्द्र कार्की

वडा अध्यक्ष (वडा नं. ९) श्री सोमनाथ अधिकारी

कार्यपालिका सदस्य श्री जुना खड्का

कार्यपालिका सदस्य श्री सारदा मगर

कार्यपालिका सदस्य श्री पवित्रा बराईली

कार्यपालिका सदस्य श्री मीनाकुमारी विश्वकर्मा

कार्यपालिका सदस्य श्री गोपाल विश्वकर्मा

कार्यपालिका सदस्य श्री बालिका विश्वकर्मा

प्रमुख प्रशासकीय अधिकृत श्री युवराज आचार्य

लेखापाल श्री राजेश खतिवडा

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु :

निर्णय नं. १ : यस गाउँपालिकाको प्रथम गाउँसभाले विभिन्न आयोजना तथा कार्यक्रमहरुका लागि विनियोजन गरेको रकम विनियोजित शिर्षकमा खर्च हुन सक्ने अवस्था नदेखिएंकोले निम्न आयोजना तथा कार्यक्रमको लागि विनियोजित रकम निम्नानुसार संसोधन गर्ने साथै वडाहरुमा संचालित योजना तथा कार्यक्रमहरु संसोधन गर्नुपर्ने अवस्था भएमा अर्को कार्यपालिका बैठकमा पूर्वाधार विकास समितिले प्रस्ताव पेश गरे बमोजिम छलफल तथा निर्णय गर्ने निर्णय गरियो ।

क) वडा कार्यालय भवन निर्माण ६ र ७ को लागि विनियोजित रु. एक करोड रकम ब्याक हो लोडर खरिद एक थान र आवश्यकता र प्राथमिकता बमोजिम मोटरसाईकल खरिद र थप माग भई आएका/आउने आयोजना तथा कार्यक्रमहरुमा कार्यपालिकाको निर्णय बमोजिम खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

ख) प्राविधिक शिक्षा संचालनको लागि निनियोजित रकम रु. पचास लाख यस वर्ष प्राविधिक शिक्षा संचालन अनुमतिको लागि आवेदन खोल्नु पर्नेमा सम्बन्धित निकायले हालसम्म आवेदन नखोलेकोले उक्त रकम, शिक्षा क्षेत्र विकास कार्यक्रमको लागि कार्यपालिकाले निर्णय गरे बमोजिम विनियोजन गर्ने गरी परिवर्तन गर्ने ।

निर्णय नं. २ : आजको बैठकमा पेश भएको मिक्लाजुङ गाउँपालिकाको गाउँ शिक्षा समितिको गठन तथा व्यवसस्थापन सम्बन्धी कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो । सो कार्यविधिको दफा ३ बमोजिम तोक्नु पर्ने निम्न सदस्य निम्नानुसार तोक्ने निर्णय गरियो ।

क) कार्यविधिको दफा ३ को खण्ड (ख) बमोजिम गाउँ शिक्षा समितिमा प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य महिलाहरुको तर्फबाट श्री जुना खड्का र पुरुषहरुको तर्फबाट श्री बुद्धिमान लिम्बु ।

गाउँ शिक्षा समितिले अर्को कार्यपालिका बैठकमा गाउँ शिक्षा कार्यविधिको मस्यौदालाई अन्तिम रुप दिई पेश गर्ने साथै शिक्षा क्षेत्र विकास कार्यक्रममा विनियोजित रकम विनियोजनको खाका समेत पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : थप आयोजना तथा कार्यक्रमको लागि निवेदनहरु प्राप्त भएकोमा उक्त निवेदनहरु उपर अनुगमन तथा छलफल गरी विनियोजन गर्नुपर्ने रकम सिफारिस गर्न निम्न अनुसारको कार्यदल गठन गर्ने र उक्त कार्यदलले आगामी कार्यपालिका बैठकमा आफ्नो सिफारिस पेश गर्ने निर्णय गरियो ।

क) गाउँपालिका अध्यक्ष –संयोजक
ख) गाउँपालिका उपाध्यक्ष –सदस्य
ग) पूर्वाधार विकास समिति संयोजक – सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
ङ) गाउँपालिकाको इन्जिनियर – सदस्य

निर्णय नं. ४ : यस कार्यपालिका बैठकमा पेश भएको कृषि व्यवसाय प्रबर्द्धन विधेयक, २०७५ आगामी गाउँसभाबाट पारित गर्ने गरी आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो । पारित कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७५ बमोजिमको कृषि व्यवसाय प्रबर्द्धन समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समितिले चालु आ.व. को कृषि क्षेत्रको कार्यक्रम वितरणको खाका तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : विपद् जोखिम व्यवस्थापन निर्देशिका, २०७४ बमोजिमको विपद् जोखिम व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिलाई कृयाशिल बनाउने निर्णय गरियो ।

निर्णय नं. ६ : मिक्लाजुङ गाउँपालिकाको बजार अनुगमन निर्देशिका, २०७४ बमोजिमको बजार अनुगमन टोली गठन गरी बजार अनुगमनको कार्यमा कृयाशिल बनाउने निर्णय गरियो ।

निर्णय नं. ७ : मिक्लाजुङ गाउँपालिकाको न्यायिक समितिको सचिवको रुपमा खरिदार श्री गुणनिधि दाहाललाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ८ : आफ्नो वडा भित्रका व्यवसायीहरुको लगत राखी प्रमाणपत्र उपलब्ध गराउने कार्य सम्बन्धित वडा कार्यालयले गर्ने साथै जेष्ठ नागरिक परिचय पत्र पनि सम्बन्धित वडा कार्यालयले नै उपलब्ध गराउने त्यसको मासिक विवरण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ९ : ढुङ्गा, गिट्टी जस्ता नदीजन्य पदार्थहरुको संकलनबाट प्राप्त हुने आय र व्यवसाय कर, घरधुरी कर जस्ता गाउँसभाबाट निर्धारण गरी संकलन गर्ने श्रोतहरु हालसम्म मूल्याङ्कन गर्दा अपेक्षा अनुरुप संकलन हुन नसकेकोले राजस्वको वार्षिक लक्ष्य पुरा हुन नसक्ने स्थिती देखिएको हुँदा सबै वडा कार्यालय र गाउँपालिकाले राजस्व बृद्धि गर्न गाउँसभाबाट पारित राजस्व दर र क्षेत्रमा राजस्व संकलनका लागि सकृयताका साथ लाग्ने निर्णय गरियो ।

निर्णय नं. १० : वडा कार्यालय भवन निर्माण, वडा नं. २,४, ५ र ८ को भवन र गाउँसभाबाट निर्णय भए बमोजिमको आर.सी.सी. पुल निर्माणको कार्यको लागि प्रचलित कानून बमोजिम बोलपत्रको माध्यामबाट खरिद कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११ : गाउँसभाबाट विभिन्न आयोजना तथा कार्यका लागि तारजाली खरिद गर्नको लागि विनियोजन रकम गरिएको र सो अनुसार कानून बमोजिम दुई पटक सम्म सिलबन्दी दरभाउपत्रको माध्यामबाट खरिद कार्य अगाडि बढाउँदा पनि प्रचलित सरकारी दररेट भन्दा बजार भाउ अधिक रहेको कारणले आपूर्तिकर्ताले लागत अनुमान भन्दा बढी कबोल गरेको कारण सिलबन्दी दरभाउपत्र स्वीकृत गर्न नसकिएको विशेष परिस्थिती सिर्जना भएकोले यहाँ स्थित स्थानीय व्यापार प्रवन्ध समिति, मधुमल्ला संग दररेट माग गर्दा ह्यावी कोटेट जि.आई. तार को प्रति के.जी. मूल्य रु. १२४। पेश हुन आएकोले विनियोजित बजेटको तारजाली प्रत्यक्ष वार्ताको माध्यामबाट कार्यालयले खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : नदीजन्य पदार्थहरुको विकी वितरण गर्ने कार्य स्थानीय सरकारको अधिकार क्षेत्रभित्र आएकोले आँगामी आ.व. ०७५/०७६ मा नदीजन्य पदार्थको विकी वितरण सम्भाव्यता पहिचान गरी वातावरण प्रतिकुल उत्खनन् हुन नदिनको लागि गाउँपालिका अन्तर्गतका साखरे, मिक्लु, सोल्टी, मुगु र सफेवा खोलाको प्रारम्भिक वातावरणीय प्रस्ताव तयार गर्ने र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यक्षेत्रगत शर्त पनि पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो । साथै संघीय तथा प्रदेश सरकार समक्ष माग गर्न गाउँपालिका अन्तर्गतका ठुला सडकहरुको बृहत परियोजना प्रस्ताव तयार गर्नुपर्ने भएकोले ठुला सडकहरुको बृहत परियोजना प्रस्ताव तयार गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३ : यस मिक्लाजुङ गाउँपालिकामा पर्यटकीय क्षेत्रको विकास मार्फत व्यापक आर्थिक सामाजिक विकास गर्न सक्ने सम्भावना रहेकोले सम्भाव्य पर्यटकीय क्षेत्रको पहिचान गरी त्यसको विकास र प्रचार प्रसार मार्फत गाउँपालिकाको चिनारी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तर सम्म स्थापना गर्नको लागि पूर्यटकीय गुरुयोजना निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : गाउँपालिका भित्रको भूमीको व्यवस्थित उपयोग गर्न र भविष्य सम्म गाउँपालिका क्षेत्रको बसोबास, खेतीयोग्य जमिन, औद्योगिक क्षेत्र, वन क्षेत्र आदिको निर्धारण, उपयोग र संरक्षण गर्न सहयोगी सिद्ध हुने गाउँपालिका स्तरिय भू उपयोग नीति/योजना तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम यहि २०७५ श्रावण १ गते देखि सबै स्थानीय तहहरुले अनिवार्य रुपमा एकिकृत सम्पत्ती कर प्रणालीको शुरुवात गर्नुपर्ने भएकोले सो सम्बन्धी आवश्यक प्रकृया शुरुवात गर्ने निर्णय गरियो ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत